# सर्वोच्च अदालत

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यूको मैत्रीपूर्ण निमन्त्रणामा जनवादी गणतन्त्र चीनका सर्वोच्च अदालतका न्यायाधीश **Hon'ble Liu Guixiang** सहितको ६(छ) सदस्यीय उच्चस्तरीय भ्रमण दलले मिति २०८१।०३।०२ देखि ऐ.५ गतेसम्म नेपालको भ्रमण गरेको छ।

भ्रमण अवधिमा सम्माननीय प्रधान न्यायाधीशज्यू लगायत सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीशज्यू, अन्य माननीय न्यायाधीशज्यूहरूसँग द्विपक्षीय छलफल भएको थियो। उक्त छलफलमा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, रजिस्ट्रारहरू तथा उच्च पदस्थ कर्मचारीहरू एवं परराष्ट्र मन्त्रालयका प्रतिनिधि र नेपाल स्थित चीनिया दूतावासका प्रतिनिधिसमेतको उपस्थिति रहेको थियो।

साथै भ्रमण अवधिमा उक्त भ्रमण दलले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, उच्च अदालत पाटन, भक्तपुर जिल्ला अदालत र राष्ट्रिय न्यायिक प्रतिष्ठानको अध्ययन अवलोकन भ्रमणसमेत गरेको थियो। उक्त अवसरमा नेपालको न्याय प्रणाली, अदालतहरूको क्षेत्राधिकार, फैसला कार्यान्वयनको अवस्था, सूचना प्रविधिको प्रयोग तथा नेपाल र चीनका न्यायपालिकाबीचमा भैरहेका र भविष्यमा हुनसक्ने द्विपक्षीय सहयोगका विषयमा समेत छलफल भएको थियो।

भ्रमण अवधिमा भ्रमण दलले पाटन दरवार स्क्वायर, भक्तपुर दरवार स्क्वायर, स्वयंभुनाथसमेतको अवलोकन गरी उक्त भ्रमण दल आज मिति २०८१।०३।०५ गते अपरान्ह स्वदेश फिर्ता भएको छ।

मिति : २०८१ असार ०५
ने.सं.११४४ तछलाथ्वः १२, बुधबार

उप-रजिष्ट्रार
गोविन्दप्रसाद घिमिरे
सहप्रवक्ता